**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ११ दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- निर्वाचन आयोग ६ राज्य र केन्द्र शासित प्रदेशहरूमा मतदाता नामावलीको विशेष गहन पुनरीक्षण एस.आई.आर. को तालिकामा संशोधन गरेको छ।
- पश्चिम बंगालमा जारी S.I.R प्रक्रियामा इन्युमरेसन फारम भर्ने समय सीमा आज समाप्त भएको छ।
- कोलकाता नगर निगम -के.एम.सी ले यस पटक क्रिसमस र नयाँ वर्षको उत्सवमा होटल, बार, नाइट क्लब र रेस्टुरेन्टहरूमा विशेष निगरानी अभियान चलाउने भएको छ।
- पश्चिम बङ्गाल की मुख्यमन्त्री ममता ब्यनार्जीले आज भर्चुअल माध्यमबाट सम्पूर्ण राज्यमा पथश्री परियोजनाको चौथो चरणको सडकहरुको शिलान्यास गर्नुभएको छ
- दार्जीलिङ पुलिस अनि गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको सयुक्त पहलमा आज देखि चार दिवशीय मेलो टि फेस्ट दार्जीलिङको चौरस्तामा शुरू भएको छ।

**निर्वाचन आयोग - एस.आई.आर.तालिका संशोधन**

निर्वाचन आयोग ६ राज्य र केन्द्र शासित प्रदेशहरूमा मतदाता नामावलीको विशेष गहन पुनरीक्षण एस.आई.आर. को तालिकामा संशोधन गरेको छ। यसमा तमिलनाडु, गुजरात, मध्य प्रदेश, छत्तिसगढ, अन्डमान र निकोबार द्वीप समूह र उत्तर प्रदेश समावेश छन्। संशोधित तालिका अनुसार अब तमिलनाडु र गुजरातले यो काम यसै महिनाको १४ तारिखसम्म पूरा गर्नेछन्। मध्य प्रदेश, छत्तीसगढ र अन्डमान र निकोबार द्वीप समूहका लागि समयसीमा यस महिनाको १८ तारिखसम्म बढाइएको छ भने उत्तर प्रदेशका लागि समय सीमा बढाएर यो महिनाको २६ तारिखसम्म विस्तार गरिएको छ। मतदाता नामावलीको मस्यौदा प्रकाशनको मिति पनि संशोधन गरिएको छ। तमिलनाडु र गुजरातका लागि मस्यौदा सूची यसै महिनाको १९ तारिखमा जारी गरिनेछ। मध्य प्रदेश, छत्तिसगढ र अन्डमान एवम् निकोबार द्वीप समूहहरूका लागि मतदाता नामावलीको मस्यौदा यसै महिनाको २३ तारिखमा प्रकाशित गरिनेछ। यो ३१ दिसम्बरमा उत्तर प्रदेशमा प्रकाशित हुनेछ। निर्वाचन आयोगले केरलाको चुनावी तालिका संशोधन गरिसकेको छ। केरलामा गणना प्रपत्र जमा गर्ने अवधि यसै महिनाको १८ तारिखमा समाप्त हुनेछ र मतदाता नामावलीको मस्यौदा यसै महिनाको २३ तारिखमा प्रकाशित हुनेछ। आयोगले गोवा, गुजरात, लक्षद्वीप, राजस्थान र पश्चिम बङ्गालमा गणना फारम जमा गर्ने अवधि आज समाप्त हुने बताएको छ। यी राज्यहरू र केन्द्र शासित प्रदेशहरूका लागि मतदाता नामावलीको मस्यौदा यसै महिनाको १६ तारिख प्रकाशित गरिनेछ। आयोगले कार्यतालिका संशोधन गर्ने निर्णय ६ राज्य र केन्द्र शासित प्रदेशहरूका मुख्य निर्वाचन अधिकारीहरूको अनुरोध प्राप्त भएपछि गरिएको बताएको छ।

1-Byte- आरती ठकुरी

**पश्चिम बंगाल-एसआईआर फारम समाप्त**

पश्चिम बंगालमा जारी SIR प्रक्रियामा इन्युमरेसन फारम भर्ने समय सीमा आज समाप्त भएकोछ। गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन इलाकामा तथा सिलगढी महकुमा सहीत तराई डुवर्स क्षेत्रमा इन्युमरेसन फारम भर्ने तथा जमा गर्ने काम सय प्रतिशत पूरा

भएकोछ।वर्ष 2002 को सूची सित मेल नखाने मतदाताहरूलाई भोली देखि सुनवाईका लागि बोलाइनेछ तथा वैध प्रमाणहरू देखाउनु पर्नेछ। मस्यौदा मतदाता सूचिमा नाम सामेल हुन नसकेका मतदाताहरूको नाम, मृत मतदाताहरूको नाम अनि बसाई सरेका मतदाताहरूको नाम विभिन्न राजनीतिक दलहरूका बीएलओहरूलाई चुनाव आयोगले उपलब्ध गराउनेछ। त्यस पछि दाबी वा आपती दर्ता गराउन सकिन्छ। एसआईआर प्रक्रियाको सराहना गर्दै अम्बोटे निवासी एक महिला........

2-Byte-एक महिला

**विदेश मंत्रालय - भारत विदेश श्रमिक सुरक्षा**

विदेश मन्त्रालयले भनेको छ, 'विदेशमा काम गर्ने भारतीय श्रमिकहरूको सुरक्षा, संरक्षण र कल्याणलाई भारतले सर्वोच्च प्राथमिकता दिदछ। श्रमिक लगायत भारतीय नागरिकबाट कुनै गुनासो वा समस्या आएमा भारतीय दूतावासले सम्बन्धित विदेशी नुयोक्तासित सक्रिय रूपमा सम्पर्क गर्छ।विदेश राज्य मन्त्री कीर्ति वर्धन सिंहले आज राज्यसभामा जानकारी दिदै भन्नुभयो - भारतीय श्रमिकहरूलाई मार्गदर्शन र परामर्श प्रदान गर्न नयाँ दिल्ली, दुबई, रियाद, जेद्दा र क्वालालम्पुरमा प्रवासी भारतीय सहायता केन्द्रहरू स्थापना गरिएको छ। श्री कीर्ति वर्धनले जानकारी भन्नुभयो - यस वर्ष विदेशमा रहेका भारतीय नागरिकहरूबाट 16 हजार भन्दा अधिक उजुरी प्राप्त भएका छन्। साउद अरबबाट सर्वाधिक तीन हजार उजुरी प्राप्त भएको बताउनु भयो ।

**प्रवर्तन निदेशालय - बैंक धोखाधड़ी**

प्रवर्तन निर्देशनालय (ईडी) ले बैंक धोखाधडीसँग सम्बन्धित कोलकाताको विशेष पीएमएलए अदालतमा इन्टरप्राइजेज नामको फर्म र यसका मालिकहरूसहित अन्य अभियुक्तहरूको बिरूद्ध अभियोजनको उजुरी दर्ता गरिएको छ। धन शोधन निवारण ऐन २००२ अन्तर्गत यो कारबाही गरिएको हो।ईडीले आज आफ्नो बयानमा भनेको छ , उजुरी पी.के. इन्टरप्राइजेजका मालिक प्रशान्त दास, स्वर्गीय पूर्णेन्दु दासका छोरा र चन्दन सरकार विरुद्ध मुद्दा दर्ता गरिएको छ। एजेन्सी अनुसार, सीबीआईको बैंकिङ र सेक्युरिटिज फ्रड सेलले दर्ता गरेको प्राथमिकी को आधारमा अनुसन्धान शुरु गरिएको थियो।

**कोलकाता नगर निगम विशेष निगरानी अभियान**

कोलकाता नगर निगम (केएमसी) ले यस पटक क्रिसमस र नयाँ वर्षको उत्सवमा होटल, बार, नाइट क्लब र रेस्टुरेन्टहरूमा विशेष निगरानी अभियान चलाउनेछ। केएमसी का एक वरिष्ठ अधिकारी अनुसार मनोरञ्जन करको नियम र सुरक्षाको मापदण्ड पालना गर्न यस्तो कदम चालिएको हो।शहरमा उत्सव को मौसमको तयारी शुरु भइसकेको छ। यसलाई ध्यानमा राख्दै के एम सी ले २३ दिसम्बर देखि 3 जनवरी सम्म यी सबै स्थानलाई कठोर निगरानी गर्ने निर्णय गरेको छ। गोवाको एक नाइट क्लबमा भएको आगलागीमा २५ जनाको ज्यान गएको आगलागीको घटनालाई मध्यनजर गर्दै यो निर्णय लिइएको हो । उत्सव पर्व व कुनै पनि प्रकारको मनोरञ्जन कार्यक्रमका लागि नगर्निगमसँग अनुमति लिनुपर्ने र मनोरञ्जन कर तिर्नुपर्ने बाध्यता रहेको नगरनिगमका अधिकारीहरूले बताएका छन्।

**पश्चिम बङ्गाल राज्य - पथश्री परियोजना - चौथे चरण - शिलान्यास**

पश्चिम बङ्गाल की मुख्यमन्त्री ममता ब्यनार्जीलेआज भर्चुअल माध्यमबाट सम्पूर्ण राज्यमा पथश्री परियोजनाको चौथो चरणको सडकहरुको शिलान्यास गर्नुभयो। आज मुख्यमन्त्री ब्यानर्जीले कृष्णनगरमा सरकारी कार्यक्रमबाट सडकको शिलान्यास गर्नुभयो । यस दिन दार्जीलिङ जिल्लाका ग्रामीण तथा शहरी क्षेत्रमा १५५ वटा सडक निर्माण गरिनेछ। यसको लागि ११० करोड रुपियाँ खर्च हुनेछ।

**नक्सालबारीमा भर्चुअल कार्यक्रम मार्फत मुख्यमन्त्रीको शिलान्यास कार्यक्रम भएपछि दार्जिलिङ जिल्लाका डिएम मनिष मिश्र, सिलिगुडी जिल्ला प्रमुख गौतम देव, सिलीगुड़ी महकमा परिषदका अध्यक्ष अरुण घोषले हरियो झण्डा देखाउनु भएको थियो । जिल्लापाल मनिष मिश्रा अनुसार जिल्लाको ग्रामीण क्षेत्रहरुमा २१ सडक, पहाडमा ३४ सडक र नगरपालिका क्षेत्रमा १०० सडक समावेश गरिएको छ। सडकको गुणस्तर सुनिश्चित गर्न विशेष टोली गठन गरिएको छ। यी सडकको निर्माणले जनताको समस्या कम हुनेछ। साथै, मेयर गौतम देवले मुख्यमन्त्रीको यो पथश्री**

**परियोजनाले सम्पूर्ण राज्यका साथै सिलिगुडी र ग्रामीण क्षेत्रको विकास गर्ने बताउनु भयो । सिलिगुडी महकमा परिषद मा मात्र २० करोडको सडक निर्माण परियोजनाहरू बनाउनेछ। शिलान्यास हुनासाथ नक्सलबाड़ी अस्पतालदेखि कर्बला मैदानसम्म १.१० किलोमिटर सडकको काम शुरु भएको छ । डिएम, मेयर र अध्यक्षले कार्यस्थलको निरीक्षण गरेका थिए । यसबाहेक नक्सलबाडीको राइपाडामा अर्को सडक पनि निर्माण गरिनेछ ।**

## बिधानसभा चुनाव - पश्चिम बंगाल

चुनाउ आयोगले पश्चिम बंगालमा विधानसभा चुनाव अघि निजी आवास परिसरहरूमा नयाँ मतदान केन्द्र स्थापना गर्ने प्रस्तावमा सकारात्मक प्रतिक्रिया नपाएपछि जिल्ला मजिस्ट्रेट र जिल्ला निर्वाचन अधिकारीहरूमाथि कठोर अडान लिएको छ। आयोगले अहिलेसम्म एउटा पनि प्रस्ताव प्राप्त नगर्नु अति गम्भीर गल्ती मानेको छ । मुख्य निर्वाचन अधिकारीको कार्यालयलाई पठाइएको नोटमा निर्वाचन आयोगले प्रतिनिधित्व ऐन, १९५१ को धारा २५ र १६० अन्तर्गत उपयुक्त सङ्ख्याको मतदान केन्द्र उपलब्ध गराउनु जिल्ला अधिकारीको कानूनी दायित्व भएको स्मरण गराएको छ ।

**आयोग अनुसार पश्चिम बंगालबाट मतदान केन्द्रका लागि प्रस्ताव नआउनु यो जिम्मेवारीको सिधै उल्लङ्घन हो। निर्वाचन आयोगसँग सम्बन्धित एक वरिष्ठ अधिकारीले भनेको छ - 'आयोगले मतदाता सूचीको मस्यौदा अर्थात् १६ दिसम्बरमा प्रकाशित भएपछि सबै जिल्ला मजिस्ट्रेटहरूले तुरुन्त बहुमंजिला भवनहरू, समूह आवास परिसरहरू, आवास संघहरू, झुपडी बस्तीहरू र गेटेड सोसाइटीहरूको सर्वेक्षण गर्न निर्देश दिएको छ। कम्तीमा २५० घर वा ५०० मतदाता रहेका परिसरमा भुइँ तलामा रहेका कोठाको विवरण संकलन गरी मतदान केन्द्रका लागि उपयुक्त स्थान चिह्न लगाउनुपर्ने व्यवस्था गरिएको छ । सुकुम्बासी बस्तीहरूमा थप मतदान केन्द्रहरूको आवश्यकताको पनि मूल्याङ्कन गर्न भनिएको छ। त्यसपछि दिसम्बर महिनाको अन्तिम दिनसम्म सबै प्रस्ताव आयोगमा पठाइ सक्नु पर्ने हुन्छ ।**

## दार्जीलिंग -महाकाल -चाबी प्रदान

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका मुख्य कार्यपाल अनित थापा द्वारा आज महाकाल मन्दिर कमिटीलाई एक ब्याट्री कार प्रदान गर्नुभयो ।पश्चिम बंगालकी मुख्यमन्त्री ममता बेनर्जीले अक्टोबर महिनामा दार्जीलिङ भ्रमण अवधि महाकाल मन्दिरको दर्शण गर्न जाने वृद्ध अनि दिव्यङ्गहरूको निम्ति ब्याट्री कार दिने घोषणा गर्नुभएको थियो ।त्यसै घोषणा अनुरूप आज दार्जीलिङको चौरस्ता परिसरमा महाकाल मन्दिर कमिटीका सदश्यहरूलाई एउटा ब्याट्री कार प्रदान गरिएको छ ।उक्त ब्याट्री कारको मर्मत अनि चालको पारिश्रमिक जीटीएको पुल एण्ड ट्रान्सपोर्ट विभागले नै जिम्मा लिने जानकारी श्री थापाले दिनुभएको छ । उक्त ब्याट्री कार प्रत्येक बिहान ९ बजे देखि बेलुकी ४ बजे सम्म चल्ने महाकाल मन्दिर समिति का प्रवक्ता अशोक गुरूङले जानकारी दिनुभएको छ ।

## दार्जीलिङ पुलिस टि मेलो फेस्ट

दार्जीलिङ पुलिस अनि जीटीए को सयुक्त पहलमा आज देखि चार दिवशीय मेलो टि फेस्ट दार्जीलिङको चौरस्तामा शुरू भएको छ ।जसको विधीवत उदघाटन जीटीएका मुख्य कार्यपाल अनित थापाले गर्नुभयो ।यो चार दिवशीय मेलो टि फेस्टमा म्युजिकल ब्याण्ड प्रतियोगिता , म्यारथन विभिन्न स्टलहरू जसमा दार्जीलिङका युवाहरूको हस्तसिल्पी,दार्जीलिङको मनरोम दृष्य रहेको फोटोहरू प्रदशनी साथै बिक्री अनि विभिन्न रंगा रंग कार्यक्रम हुनेछ। यस्ता फेस्टको आयोजनले दार्जीलिङको पर्यटनलाई बडावा दिने लक्ष्य राखिएको बताइएको छ ।

## कालेबुंग -पथश्री-रास्ताश्री

पथश्री-रास्ताश्री- ४ परियोजना अन्तर्गत कालेबुङ जिल्लामा निर्माण हुन लागिरहेका ४३ वटा योजनाहरुको शिलान्यास कार्यक्रम आज सम्पन्न भएको छ। होम्सस्थित सार्वजनिक भवनमा विधायक रुदेन लेप्चा, जिल्ला अधिकारी कुहुक भुषण, खण्ड विकास अधिकारी समिरुल इस्लाम, सभासद बिकास राई, सिनोरा नाम्चु लगायत विभिन्न विभागका पदाधिकारीगणको

उपस्थितिमा योजनाहरुको शिलान्यास गरिएको छ। योजनाको कुल लागत ७८ करोड रहेको अनि यसले धेरैवटा स्थानका मानिसहरुलाई व्यापक फाइदा पुग्ने विधायक रुदेन लेप्चा अनि जिल्ला अधिकारी कुहुक भुषणले बताउनु भएको छ ।

****** ० ******